नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**स्वास्थ्य सेवा बिभाग**

**परिवार कल्याण महाशाखा**

**टेकु, काठमाण्डौ**

फोन नं. ०१५३६२१५५
०१५३६२२७३
०१५३२५५५८


**आठौं राष्ट्रिय सुरक्षित गर्भपतन सेवा दिवस-२०७९**

**"सुरक्षित गर्भपतनः अपराध होइन, अधिकार हो"**

२०७९ साल असोज १० गते, काठमाण्डौं ।

नेपालले सन् २०५९ असोज १० गते मुलुकी ऐनको ११ औं संशोधन दूारा गर्भपतनलाई कानुनी मान्यता दिएको थियो । कानुनी मान्यता पाएको २० बर्ष को अन्तरालमा नेपालले गर्भपतनलाई केवल स्वास्थ्य सेवाको रुपमा नभई महिलाको प्रजनन अधिकारको रुपमा पनि अंगिकार गरेको छ । कानुनी मान्यता पाएको दिनलाई संझना गर्दै विगत ७ बर्ष देखि विभिन्न कार्यक्रमहरुको आयोजना गरि राष्ट्रिय सुरक्षित गर्भपतन सेवा दिवस मनाउदै आएको छ ।

नेपालको संविधानले मौलिक हकको रुपमा अंगिकार गरेको प्रजनन स्वास्थ्य सेवा अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्दै सुरक्षित, गुणस्तरिय, सर्वशुलभ तथा पहुँचयोग्य सेवालाई व्यवस्थित गर्न सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ र नियमावली, २०७७ लागु गरिएको छ । यहि विषयलाई ह्रदयंगम गरि यो बर्ष **"सुरक्षित गर्भपतनः अपराध होइन, अधिकार हो"** भन्ने मूल नाराका साथ आठौं राष्ट्रिय सुरक्षित गर्भपतन सेवा दिवस मनाउँदैछौ।

सुरक्षित गर्भपतन सेवालाई आधारभूत तथा अत्यावश्यक सेवाको रुपमा लिदैं महामारी लगायत अन्य अवस्थामा पनि वैकल्पिक उपायबाट यो सेवा नियमित सञ्चालन गर्दै आईरहेका छौं । साथै यस सेवालाई सर्वशुलभ तथा पहुँच  योग्य बनाउनका लागि सबै सुचिकृत सरकारी स्वास्थ्य संस्थाबाट यो सेवा निशुल्क उपलब्ध गराउदै आएको छ । अहिले नेपालमा नियमिति रुपमा सुरक्षित गर्भपतन सेवा प्रदान गर्न ४ हजार भन्दा बढी सुचिकृत सुरक्षित गर्भपतन सेवा प्रदायक रहेका छन् र १५ सय भन्दा  बढी सुचिकृत स्वास्थ्य संस्थाहरुबाट यो सेवा प्रदान भइरहेको छ भने यी संस्थाहरुबाट अहिले सम्म करिब १४ लाख  महिलाहरुले सुरक्षित गर्भपतन सेवा प्राप्त गरेका छन् ।

सुरक्षित गर्भपतन सेवाको पहुंच विस्तार गर्न विभिन्न प्रयास हुदाहुदैं पनि केवल ४२ प्रतिशत महिलाहरुलाई मात्र गर्भपतनले कानुनी मान्यता प्राप्त गरेको बारे जानकारी रहेको र कुल गर्भपतन गराएको महिला मध्ये ५८ प्रतिशत महिलाहरुले असुरक्षित रुपमा गर्भपतन गरिएको तथ्यांकले जनाएको छ । नेपालमा गर्भपतनले कानुनी मान्यता पाएको २० बर्ष बितिसक्दा पनि गर्भपतनलाई अपराध र लाञ्छनाको दृष्टिकोणले हेर्ने गरिएको छ । त्यसकारण महिलाहरुलाई  त्यसमाथि पनि सिमान्तकृत समुहका महिलाहरुमा यो सेवाको सहज पहुँच बढाउन तीनै तहका सरकार, नीजि क्षेत्र, सहयोगी संस्थाको ध्यान आकर्षण हुन अत्यावश्यक रहेको छ।

अन्त्यमा, सुरक्षित गर्भपतन सेवाको पहुँच विस्तारमा सहयोग पुर्याउने महिला स्वास्थ्य स्वंयम सेविका, स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था, नीजि क्षेत्र, सरोकारवालाहरु सबैमा आभार ब्यक्त गर्दै आगामी दिनमा संबिधान प्रदत हक सुनिश्चित गर्न सबै पक्षको सहयोगको अपेक्षा राख्दछौं ।

पुनः आठौं सुरक्षित गर्भपतन सेवा, २०७९ का अवसरमा सबैमा हार्दिक शुभकामना ।

Bibekhlal

डा. विवक कुमार लाल
निर्देशक

**निर्देशक**

Scanned with CamScanner